# कनकाई नगरपालिका

## १०० औं नगर कार्यपालिका बैठक मिति २०७७/०७/०५ बुधवार

### एजेण्डाहरु

१. शुभकामना आदानप्रदान सम्बन्धमा।
२. नदीजन्य पदार्थ सम्बन्धमा।
३. सुरुङ्गा बजार ठेक्का सम्बन्धमा।
४. अनुमोदन सम्बन्धमा।
५. बाल मैत्री नगर सम्बन्धमा।
६. बैंकसँग MOU सम्बन्धमा।
७. प्रहरी घेराबारा (वाल कम्पाउन्ड) सम्बन्धमा ।
८. विदा सम्बन्धमा।

### निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा हिन्दुहरुको महान चाड बडादशैंको उपलक्ष्यमा शुभकामना आदानप्रदान गरियो साथै नगरवासी तथा सम्पूर्ण नेपाली नागरिकमा बडा दशैंको शुभकामना प्रदान गर्ने निर्णय गरियो । साथै कोरोना संक्रमणबाट निधन हुनु भएका नगरवासीहरु प्रति श्रद्धाञ्जली तथा कोरोना संक्रमित हुनुभएका नगरवासीहरुलाई शीघ्र स्वास्थ्यलाभको कामना समेत गरियो ।साथै यस विषम् परिस्थितिमा अग्रपंक्तिमा खटिएर सेवा प्रदान गर्नुहुने प्रहरी एवं स्वास्थ्यकर्मीमा आभार व्यक्त गर्ने निर्णय समेत गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा माईखोलाको नदिजन्य पदार्थ उत्खनन तथा विक्रीका लागि I.E.E प्रतिवेदन स्विकृत गर्ने तथा माईखोलाबाट नदिजन्य पदार्थ उत्खनन तथा विक्रीका लागि ठेक्का आवहान गर्ने निर्णय समेत गरियो ।साथै विरिङ्ग खोलाबाट मिति २०७७।०६।०१ देखि ०६।०८ गते सम्म नगरबाट अमानतबाट नदी जन्य पदार्थ उत्खनन तथा विक्री भएकोमा संकलकलाई बिक्रीको १० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुरुङ्गा बजार ठेक्का सम्बन्धमा एस वि डी कन्सट्रक्सन सुरुङ्गाबाट मात्र बोलपत्र पेश भएकोमा निज फर्मलाई बारमबार लिखित तथा मौखिक ताकेता गरेकाले सो फर्म सम्झौताका लागि नआएकाले निज फर्मको धरौटी जफत गरी नियमानुसार कालो सुचीमा राखी सुरुङ्गा बजार ठेक्का सम्बन्धमा ७ दिने बोलकबोलको (डाक बडाबढ) सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

# कनकाई नगरपालिका

**१०० औं नगर कार्यपालिका बैठक        मिति २०७७/०७/०५ बुधवार**

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत स्थापना हुने कोभिड अस्पातालका लागि १ मे.अ. , २ स्टाफ नर्स र १ का.स. को अस्थाई दरवन्दी स्विकृत भई आएकोमा यस नगरपालिकाबाट यस आ.व.को भाद्र महिनामा कार्यविधि बमोजिम स्टाफ नर्स पदमा पदपूर्ती भई वैकल्पिकमा परेका एक जना उम्मेदवारको योग्यता स्विकृत दरवन्दि वमोजिम मिल्ने भएकाले निजलाई सो पदमा सेवा करार गर्ने र बाँकी दरबन्दीमा विज्ञापन आवहान गर्ने सम्वन्धि कार्यालयको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
साथै कनकाई नगर कार्यपालिका समेतलाई विपक्षी बनाई दायर भएको उच्च अदालत विराटनगर ईलाम इजलास ईलाममा दायर भएको रिट (परमादेश) मुद्दामा कार्यालय तथा कार्यपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत श्री मोहन प्रसाद न्यौपाने ज्यूलाई कानुन व्यवसायी नियुक्त गर्ने वारिश राख्ने लिखित जवाफ पेश गर्ने छलफलमा सहभागी हुने लगायत सो मुद्दासँग सम्वन्धित कार्यालयको तथा कार्यपालिकाको तर्फबाट सम्पूर्ण प्रकारका कार्यहरु गर्न अख्तियारी प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय समेत गरियो ।
कनकाई नगरपालिका वडा नं. ३ निवासी अभिषेक चौधरीको परिवारलाई प्रदान गरिएको सहयोग रकम रु. १५०००।- अनुमोदन गर्ने निर्णय गरियो ।

५. कनकाई नगरपालिकालाई बाल मैत्री नगर घोषणा गर्ने योजना अनुरुप तपशिल अनुसारको गर्ने निर्णय समेत गरियो ।
क. बालमैत्री स्थानीय शासन अवलम्वन गरी कनकाई नगरपालिकालाई बालमैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत सूचकहरुको अवस्था सुधार गरी बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्य विधि अनुरुप बालमैत्री स्थानीय नगर समिति गठन गरियो । समितिको वैठक कम्तिमा त्रैमासिक रुपमा वस्ने समेत प्रतिवद्धता गरियो ।

Scanned with CamScanner

# कनकाई नगरपालिका

## १०० औं नगर कार्यपालिका बैठक मिति २०७७/०७/०५ बुधबार

ख. कनकाई नगरपालिका भित्र रहेका १८ वर्ष सम्मका सवै बालवालिकाहरुको शारीरिक, मानसिक, वौद्धिक, सवेगात्मक र सामाजिक पक्षको विकासमा सहयोग पुग्ने खालका क्षेत्रमा लगानी गरी बालबालिकाको सहभागितामा उनीहरुको चौतर्फी विकासमा गर्न नगरपालिकाले लक्षित रकम र बालवालिका कोषबाट रकम छुट्याई बालबालिकाहरुमा लगानी गर्ने निर्णय गरियो ।

ग. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन लागि स्थानीय स्तरमा समन्वय र सह कार्यमा विस्तार गरि बालअधिकार सुनिश्चितताका लागि सहजता कायम गर्न कनकाई नगरपालिकामा बालमैत्री स्थानीय शासन हेर्न डेस्क स्थापना गरी सम्पर्क व्यक्ति तोक्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

घ. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्यन कार्य विधि २०६८ ले तय गरेका सेवा प्रवाह र संस्थागत समेत ३९ सूचकहरुलाई न्यूनतम् सूचकका रुपमा स्वीकार गर्ने र आवश्यकता भएमा सूचकहरु निर्धारण गर्दै जाने गर्ने निर्णय गरियो ।

ङ. बालमैत्री स्थानीय शासन सम्वन्धि अभिमूखिकरण पछि कनकाई नगरपालिकाले २०७८ साल भाद्र भित्र बालमैत्री स्थानीय तह घोषणा गर्ने सामुहिक प्रतिवद्धता सहित बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्य विधि २०६८ले तय गरेका सेवाप्रवाह र संस्थागत सूचकहरु स्थानीय तह घोषणा कार्यविधि २०७०को मापदण्ड पुरा गरी कनकाई नगरपालिकालाई घोषणा गर्ने निर्णय आगामी सभाबाट अनुमोदन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

६. कनकाई नगरपालिकाका स्थायी कर्मचारीहरुलाई बिना धितो सहुलियतमा ऋण प्रदान गर्न नेपाल बैंक लि.बाट प्राप्त प्रस्ताव सम्बन्धमा छलफल गर्दा स्थायी कर्मचारीहरुको मासिक तलवबाट निजले लिएको किस्ता रकम कट्टा हुने गरी सहुलियतमा ऋण सम्बन्धी प्रकृया अघि बढाउने निर्णय गरियो साथै नेपाल बैंक लि.सँग समझदारी पत्रमा हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

७. ईलाका प्रहरी कार्यालय सुरुङ्गा झापाको खानेपानी दक्षिणमा कम्पाउण्ड वाल निर्माणका लागि श्रोत हेरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. हाल कोभिड १९ को जोखिमका कारणले यस कनकाई नगरपालिका कार्यालयबाट अत्यावश्यक सेवा मात्र उपलब्ध गराई आएकोमा मिति २०७७/०७/१२ गते देखि २०७७/०७/१४ गते सम्म स्थानिय बिदा दिने र मिति २०७७/०७/१६ गते देखि सम्पूर्ण सेवाहरु पुन सुचारु गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल मंसिर ७ गते आइतबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - परशुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९.वडा अध्यक्ष - लीला बहादुर कन्दङ्गवा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य :
१) कार्यवाहक वडाध्यक्ष वडा नं. ६. तारा प्रसाद फुयाल -
२) विजय पाठक
३) विवेक भण्डारी प्र.अ
४) आ.लें.प. अधिकृत कृष्णप्रसाद रिजाल

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०१ औं नगर कार्यपालिका बैठक मिति २०७७/०८/०७ आइतबार

**प्रस्तावहरु**

१. भूमि व्यवस्थापन सम्बन्धमा ।
२. भूमि आयोग एवं कनकाई नगरपालिका बीच भएको मिति २०७७/०७/२७ को समझदारी अनुमोदन सम्बन्धमा ।
३. जग्गा प्राप्ती सम्बन्धमा ।
४. भवन निर्माणका लागि सहयोग सम्बन्धमा ।
५. सुरुङ्गा बजार ठेक्कामा प्राप्त प्रस्ताव सम्बन्धमा ।
६. कर्मचारीहरुको स्तरवृद्धि एवं सुविधा सम्बन्धमा ।
७. वडा नं. ३ को सार्वजनिक शौचालयको रकम छुट सम्बन्धमा ।
८. कृषि शाखाको चुन खरिदको लागि बजेट सम्बन्धमा ।
९. आर्थिक सहयोग सम्बन्धमा ।
१०. कार्यविधि एवं मापदण्ड सम्बन्धमा ।
११. डि.पि.आर सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ अनुमोदन गर्ने र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम कनकाई नगरपालिकामा सहजिकरण समिति नियमानुसार गठन गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।साथै तपशिल अनुसार कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

**भूमि सम्वन्धी समस्या समाधान सम्वन्धी कनकाई नगरपालिकाको कार्ययोजना**

| चरण | मुख्य क्रियाकलापहरु | अपेक्षित नतिजा | समय अवधि | जिम्मेवारी | सहयोग |
|---|---|---|---|---|---|
| १. तयारी | - कनकाई नगरपालिका र आयोग बीच समझदारीपत्रमाहस्ताक्षर<br>- भुमि सम्वन्धी समस्याकोआधारभूतस्थितिकोअध्ययन (लगत संकलन कार्यविधिको अनुसूची २ )<br>- स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई अभिमुखिकरण<br>- स्थानीय तहको बैठकबाट आयोगको कार्यविधि अनुसार सहजीकरण समितिगठन,<br>- योजना र समझदारीपत्रमा हस्ताक्षर भए बमोजिमको जनशक्ति छनौट<br>- ईकाई कार्यालय स्थापना, ईकाइमा | स्थानीय तह र आयोग बिच योजना सहितको समझदारी<br><br>लगतकार्य सुरुवातीको लागि तयारी सम्पन्न | १५ दिन २०७७ मंसिर १५ | स्थानीय तह | आयोग |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | खटिने कर्मचारीको व्यवस्था र कार्ययोजना तर्जुमा गर्ने निर्णय<br>- स्थानीय तहको कार्ययोजना तर्जुमार अनुमोदन<br>- योजना र समझदारीपत्रमा हस्ताक्षर भए बमोजिमको जनशक्ति छनौट<br>- छनौट भएका जनशक्तिलाई तालिम (प्रयोगात्मक अभ्यास समेत)<br>- वडा र स्थानीय तहको समितिलाईबिसेषअभिमुखीकरण<br>- कार्यालय, जनशक्ति, कम्प्युटर, प्रस्नावाली लगायतको व्यवस्थापन | | | | |
| २. भूमिहीनसुकुम्वासी र अव्यवस्थित बसोबसिको बिवरण संकलन | - आयोगबाटलगतसंकलनसमवन्धि३५ दिने सूचना प्रकाशन<br>- वडाभित्र रहेका भूमिहीन र अव्यवस्थित वसोबासीको विवरण संकलन गर्ने सम्बन्धी सूचना स्थानीय एफएम, र अन्य उपयुक्त माध्यमबाटप्रचार प्रसार, सूचना संकलनको क्रममा गलत विवरण उपलब्ध गराउने, गलत बिवरण संकलन, सिफारिश र प्रमाणित गर्ने व्यक्तिलाई कानुनमा उल्लेख जरिवाना हुने व्यहोरा समेतकोजानकारी<br>- सामाजिक परिचालक, वडा सदस्यमार्फत भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीलाईआवस्यक कागजात तयारीको लागि समुदाय तहमा जानकारी<br>- निबेदन फारम अनुरुप घर जग्गामागई पारिवारिक र सम्पत्ति सम्वन्धी विवरण (एट्रिब्युट डाटा) संकलन<br>- वडा बाट डाटा रुजु र सिफरिश<br>- ईकाई कार्यालयमा रहेको आयोगले तोकेको प्रणालीमा एट्रिब्युट डाटा ईन्ट्री | भूमिहीन र अव्यवस्थित वसोबासीको वडा गत र स्थानीय तहको बिवरणको पहिलो सुची तयार हुनेछ | २०७७ पुस १८ २०७७ पुस मसान्त ३५ दिन +१०दिन | स्थानीय तह | जिल्ला समिति |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | - नापनक्सा गर्ने बिधि सहितको योजना तथा आवश्यक उपकरणको तयारी (जनशक्ति भए र बस्तिहरु नापजाँच नभएको हकमा सुरुदेखि जग्गाको पनि बिवरण र नापजांचकोकामगर्न सकिने) | | | | |
| ३. बिवरण सत्यापन, सार्बजनिकसुनुवाई र अनुमोदन | - प्रणालीमा प्रविष्ट डाटाको आवश्यकता अनुसार संस्लेषण र विश्लेषण<br>- उपलब्धअन्यतथ्यांक जस्तो तथ्यांक बिभागको उपलब्ध बिवरण आदिसंग भिडाउने<br>- भूमिहीन दलित र भूमिहीन सुकुमबासीको परिवार संख्या र उनीहरुले आमोदकमोत गरेको अनुमानितजग्गा सहितको वडास्तरीय प्रतिवेदन तयार<br>- अव्यवस्थित वसोबासीकोपरिवार संख्या र उनिहरुले आमोदकमोत गरेको अनुमानितजग्गा सहितको वडास्तरीय प्रतिवेदन तयार<br>- ऐनले बितरण गर्न नहुने भनेको क्षेत्रमा बसोबास गरेका परिवारको संख्या र भोगचलन गरेको जग्गाको वडास्तरीय प्रतिवेदन तयार<br>- जोखिम क्षेत्रका बसोबासीलाई अन्यत्र स्थानान्तरण गर्ने भए स्थानान्तरण गरिने उपयुक्त जग्गाको विवरण सहितको वडा स्तरीय प्रतिवेदन तयार/सार्बजनिकसुनुवाई<br>- एकिकृत आवासका योजना बनाउन सकिने अवस्था र समुदाय भए सो को बिवरण<br>- वडास्तरीय प्रतिवेदनहरु वडातहमा भेला गरि प्रस्तुत गरी सो को प्रतिबेदन<br>- छलफलबाट प्राप्त सुझाव र तथ्यहरुको आधारमा तथ्यांक | भूमिहीन र अव्यवस्थित बसोबासीको अन्तिम बिवरण तयार भै सर्बजनिकरण भयको हुनेछ<br><br>जोखिम क्षेत्रमा बसोबास गरेकाहरुलाईब्यवस्थापनगर्ने बारेको योजना बनेको हुनेछ | १ महिना २०७७ माघ मसान्त | स्थानीय तह | जिल्ला समिति |

(हस्ताक्षर)

# कनकाई नगरपालिका

१०१ औं नगर कार्यपालिका बैठक　　　　　　मिति २०७७/०८/०७ आइतवार

| | | | | | |
|---|---|---|---|---|---|
| | परिमार्जन गर्नुपर्ने भए परिमार्जित तथ्यांक र प्रतिवेदनहरु तयार गरि केहि भए उजुरीको लागि १५दिने सूचना।<br>- अन्तिमबिवरण कार्यपालिकाको बैठकबाट अनुमोदन र वेभसाईटमार्फत सार्वजनिकीकरण | | | | |
| ४. जग्गा को लगत संकलन | - नापनक्सा गर्ने बिधि सहितको योजना तथा आवस्यक उपकरण र सामग्रीको व्यस्थापन<br>- जग्गाकोलगत संकलन<br>- स्टैण्डर्ड डाटा टेम्प्लेट अनुसार जिपिएस लोकेशन वमोजिमजग्गाकोकित्ता अनुसारको विवरण (स्पासिएल डाटा) संकलन<br>- ईकाई कार्यालयमा रहेको प्रणालीमा स्पासिएल डाटाईन्ट्री (डिजीटाईजेशन) | बसोबास र भोग अनुसारको जग्गा नापजाच भै नक्सा तयार भयको हुनेछ | ३महिना देखि ६ महिना २०७७ चैत मसान्त | स्थानीय तह | जिल्ला समिति |
| ५. वडागत योजना | - नकारात्मक सूचीका बसोबासीहरुलाई स्थानान्तरण गर्ने वा हटाउने सम्वन्धमा व्यवस्थापन योजना तर्जुमा गरी सम्वन्धित स्थानीय तहको कार्यपालिकामा पेश गरी निर्णयानुसार सिफारिस सहित जिल्ला समितिमा पेश<br>- जोखीम क्षेत्रमा रहेका लाई सोही स्थानको संरक्षण गरी बसोबास गराउने वा अन्यत्र स्थानान्तरण गराउने स्पष्ट गरी स्थानान्तरण गराउँदा कहाँ गराउने सो जमीनको विवरण समेत उल्लेख प्रतिबेदन।<br>- भूउपयोग योजना, एकीकृत आवास, स्थान्तरण योजना आदिको बिस्तृत योजना<br>- भूमिहीन र अब्वास्थित बसोबासी, तिनले भोग गरेको जग्गा, नकरात्मक सुचिमा रहे नरहेको बिवरण सहितको प्रतिबेदन जिल्ला समितिमा पेश | भुमि बितरण र बस्ति ब्वास्थापन (सामुदईक जमिन, बस्ति विकास, भूउपयोग) योजना तय हुनेछ | १५दिन<br>२०७७<br>२०७७ वैषाख १५ | स्थानीय तह | जिल्ला समिति, भुमि व्यवस्था. कृषि र सहकारी मन्त्रालय |

Scanned with CamScanner

# कनकाई नगरपालिका

## १०१ औं नगर कार्यपालिका बैठक

मिति २०७७/०८/०७ आइतवार

| | | | | | |
|---|---|---|---|---|---|
| ६. जिल्ला समिति बाट जांच र आयोगलाई सिफारिश | - स्थानीय तह अनुसारभूमिहीनहरुलाई उपलब्ध गराउन सकिने जमीनको विवरण, अव्यवस्थितलाई उपलब्ध गराइने जमीनको विवरण र तिर्नुपर्ने दस्तुर एकीन<br>- स्थानीय तहअनुसारका योजनाहरु (नकारात्मक सुचीका समेत) भूमि सम्वन्धी ऐन, भूमि सम्वन्धी नियमहरु र आयोगको गठन आदेश वमोजिम भए नभएको अध्ययन सहित आवश्यक सिफारिशतथानिर्णय गरी अनुमोदनको लागि आयोगमा पेश | भूमिहीनरअव्यवस्थितलाई उपलब्ध गराइने जमीनको विवरण र तिर्नुपर्ने दस्तुर यकीन | २०७८ असार १५<br>२ महिना | जिल्ला समिति | आयोग |
| ७. आयोगबाट अनुमोदन | - जिल्ला समितिबाट प्राप्त बिवरण र सिफरिशमाआयोगले जाँचबुझ गरी निर्णय सहित जिल्ला समितिमापठाउने।<br>- जिल्ला समिति ले निर्णयगरिपठाउदा कम्तिमा एक पटकमा एक स्थानीयतहको सबैबिवरणपठाउने | जग्गा उपलब्ध गराउने समन्धी अन्तिम निर्णय | २०७८ साउन १५<br>१महिना | आयोग | जिल्ला समिति |
| ८. जग्गाधनि पुर्जा वितरणको तयारी | - अवस्थित बसोबसिलाई शुल्कबुझाउन सूचना गर्ने<br>- आयोगबाट स्वीकृत भै आएवमोजिम भूमिहीनदलित, भूमिहीन सुकुम्बासी र अवस्थित बसोवसिकोजग्गाकानक्शाहरु जिल्ला समितिको अध्यक्ष र नापी प्रमुखले प्रमाणितगरी नापी कार्यालयमा बुझाउने।<br>- स्वीकृत नक्शा वमोजिमका कित्ता जग्गाहरुको श्रेस्ता र पुर्जा तयार गर्न मालपोत कार्यालयमा लेखी पठाउने ।<br>- सम्वन्धित व्यक्ति सम्पर्क राख्न आएपछि मालपोत कार्यालयले भूमि व्यवस्थापन प्रणालीमा व्यक्तिका सुरक्षा सूचकहरु सुरक्षित | नक्सा, स्रेस्ता र जग्गाधनि पुर्जा तयार भयको हुनेछ योबिषयको निर्णय तथा तथ्यांकस्थानीय तह, जिल्ला समिति र आयोगमा सुरक्षित रहनेछ | १.५ महिना२०७८ भदौ मसान्त | जिल्ला समिति | स्थानीय तह |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आवद्ध गर्न लगाई श्रेस्तापुर्जा तयार गर्ने।<br>- आयोगको निर्णयानुसार वितरण गरिने जग्गाका श्रेस्तापुर्जाहरु तयार गर्न मालपोत कार्यालयमा विशेष ईकाइ स्थापना गरी साधन स्रोत उपलब्ध गराउने।<br>- यसरी तयार भएका श्रेस्ता पुर्जामा जिल्ला समितिको अध्यक्ष र सम्वन्धित मालपोत कार्यालयको प्रमुखले प्रमाणितगरी श्रेस्ता कार्यालयमा सुरक्षित राख्ने तथा पुर्जाहरु सम्वन्धित स्थानीय तहलाई बुझाइदिने।<br>(बुंदा ८ मा उल्लेखितनक्सा, श्रेस्ता प्रमाणित र सो समन्धीनिर्णयकोबिवरणहरुको एक प्रति जिल्ला समितिमा राखी एक प्रति आयोग र एक प्रति स्थानीय तहमा अनिबार्य पठाई प्रणालीमा इन्ट्री समेत गर्नुपर्ने) | | | | |
| ९. जग्गाधनी पुर्जा बितरण | | - स्थानीय तहबाट जग्गाधनि पुर्जा बितरण | जग्गाधनि पुर्जा बितरण भयको हुनेछ | १ महिना २०७८ असोज | स्थानीय तह | जिल्लासमिति |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि सम्बन्धी समस्या समाधान आयोग एवं कनकाई नगरपालिका बीच मिति २०७७/०७/२७ गते भएको समझदारी अनुमोदन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ७ को कार्यालय भवन निर्माणका लागि दाता (बिष्णु माया दाहाल) बाट निशुल्क प्राप्त भएको ०-०-१०-० (दश धुर) जग्गा प्राप्तीका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो।

४. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ५ मा निर्माण भई रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सम्पन्न गर्न लाग्ने रु. २२,६९,५७२।– बराबरको रकम पछि सशर्तको रकम प्राप्त भए पश्चात सोधभर्ना हुने गरि हाललाई सम्झौता गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुरुङ्गा बजार क्षेत्रको सम्पुर्ण ठेक्का तर्फ प्राप्त भएका प्रस्तावहरु मध्ये श्री माता पाथीभरा सुरुङ्गा ट्रेडर्स क न पा ३ प्राप्त अधिक मूल्यको प्रस्तावलाई कबोल गरेको रकम रु. २१,०३,०००/– मा कुनै पनि छुट प्रदान नगर्ने र एक मुष्ट बुझाउने शर्तमा सो प्रस्ताव स्विकार गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कनकाई नगरपालिकामा विगत लामो समय देखि कृषि शाखामा कार्यालय सहयोगी पदमा कार्यरत लक्ष्मी राईलाई निजको शैक्षिक योग्यता एवं निवेदन समेतको आधारमा निजलाई जे.टी.ए. पदनाममा मासिक रु. १८००० पारिश्रमिक प्रदान गर्ने गरि सेवा करार गर्ने निर्णय गरियो। साथै वडा नं. ६ मा कार्यरत कर्मचारी फडिन्द्र गिरीलाई मासिक रु. १५००० पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो। साथै एम्बुलेन्स चालक रुद्र बहादुर दाहाललाई जोखिम भत्ताको रुपमा मासिक तलव स्केलको ४० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो।

७. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ३ मा संचालनमा रहेको सार्वजनिक शौचालय संचालनकर्ता श्री रुनु कुमारी अघोरीबाट मिति २०७६ चैत्रबाट २०७७ साउन मसान्तसम्म लकडाउन भएकाले सो समयको रकम छुट गरि पाँउ भनी प्राप्त निवेदन उपर छलफल गर्दा निजले सो अवधीमा बुझाउनु पर्ने रकमको ५० प्रतिशत छुट दिने निर्णय गरियो।

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०१ औं नगर कार्यपालिका बैठक मिति २०७७/०८/०७ आइतबार

८. प्रस्ताव नं. ९ माथि छलफल गर्दा कृषि शाखाबाट कृषि चुन खरिदका लागि माग भई आएकोमा आवश्यक बजेट बिनियोजन गरि खरिद प्रकृया अघि बढाउने निर्णय गरियो। साथै कृषि शाखा प्रमुखको माग निवेदनका आधारमा १ थान मोटरसाईकल खरिद गरी उपलब्ध गराउने निर्णय समेत गरियो।

९. प्रस्ताव नं. १० माथि छलफल गर्दा सुरुङ्गा जेसिजबाट माग भए अनुसार उज्यालो बस्तीमा बृक्षारोपण कार्यक्रमका लागि प्रस्तावका आधारमा सुरुङ्गा जेसिजलाई रु. ५०००० उपलब्ध गराउने निर्णय गरियो।

१०. प्रस्ताव नं. ११ माथि छलफल गर्दा तपशिल अनुसारको कार्यविधि एवं मापदण्ड पारित गर्ने निर्णय गरियो।

क. कनकाई नगरपालिकाको अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०७७

ख. सामुदायिक विद्यालयमा दिवा खाजा सञ्चालन कार्यविधि २०७७

ग. सेनेटरी प्याड उपयोग सम्बन्धी मापदण्ड २०७७

११. प्रस्ताव नं. १२ माथि छलफल गर्दा सुरुङ्गामा कभर्डहल निर्माणका लागि आवश्यक पर्ने डि पि आर तयार गर्नका लागि कनकाई खेलकुद विकास समितिको माग बमोजिम रु २,००,०००।– उपलब्ध गराउने निर्णय गरियो। साथै सुरुङ्गा बजार उत्तरमा निर्माण गर्न गईरहेको एकीकृत पशु बजारको डि पि आर निर्माण बापत को रकम रु ३,५०,०००/-भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल पौष ७ गते मंगलबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख - | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख - | मञ्जु प्रसाई |
| ३. वडा अध्यक्ष - | रोशनराज पोखरेल |
| ४. वडा अध्यक्ष - | परशुराम गिरी |
| ५. वडा अध्यक्ष - | रुद्र प्रसाद चिमरीया |
| ६. वडा अध्यक्ष - | गोविन्द प्रसाद पौडेल |
| ७. वडा अध्यक्ष - | कृष्ण बहादुर राई |
| ८. वडा अध्यक्ष - | लक्ष्मी प्रसाद ओली |
| ९.वडा अध्यक्ष - | लीला बहादुर कन्दङ्वा |
| १०. वडा अध्यक्ष - | प्रेम बहादुर कट्वाल |
| ११. वडा अध्यक्ष - | प्रेम प्रसाद राजवंशी |
| १२. कार्यपालिका सदस्य | सिता अधिकारी |
| १३. कार्यपालिका सदस्य | साबित्रा बर्देवा |
| १४. कार्यपालिका सदस्य | चुवालाल राजवंशी |
| १५. कार्यपालिका सदस्य | देवेन्द्र कुमार दर्जी |
| १६. कार्यपालिका सदस्य | कृष्ण माया भुजेल |
| १७. कार्यपालिका सदस्य | सुनिता खरेल |
| १८. कार्यपालिका सदस्य | नवलकिशोर दत्त कायस्थ |
| १९. कार्यपालिका सदस्य | मुना बयलकोटी |
| २०. सदस्य सचिव प्र.प्र.अ. | मोहन प्रसाद न्यौपाने |

अन्य :

१) कार्यवाहक वडाध्यक्ष - देवी प्रसाद अधिकारी

२) प्र.अ - विवेक भण्डारी

३) विजय पाठक

४) आ.लो.प. अधिकृत कृष्णप्रसाद रिमाल

Scanned with CamScanner

अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता :

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण :

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर/ट्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level मेशीन (एक सेट)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (दुई थान)

४. द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । ट्याक्टर/ ट्रिपर १/१ थान हुनुपर्ने व्यवस्था भएकोमा "वहालमा समेत लिई प्रयोग गर्न सकिने । यसरी वहालमा लिदाँ लिंने दिने दुवै पक्षको सरकारी लिखत गरी सम्झौता बराबरको १० प्रतिशत वहाल कर अग्रीम जम्मा गरी सोको रसिद समेत पेश गर्नुपर्ने"

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।



Scanned with CamScanner

# कनकाई नगरपालिका

**१०२ औं नगर कार्यपालिका बैठक** मिति २०७७/०९/०७ मंगलबार

**प्रस्तावहरु**

१. घ वर्गको कार्यविधि संशोधन सम्बन्धमा।

२. निर्माणाधिन कार्यपालिका भवनको म्याद थप सम्बन्धमा।

३. कोभिड अस्पताल अनुमोदन सम्बन्धमा।

४. सेवा करार तथा सुविधा सम्बन्धमा।

५. रकम विनियोजन तथा योजनाको नाम संशोधन सम्बन्धमा।

६. आर्थिक सहयोग सम्बन्धमा।

७. प्रदेश सरकारसँग योजना माग सम्बन्धमा।

८. आँखा अस्पताल सेवा विस्तार सम्बन्धमा।

९. भुक्तानी अनुमोदन सम्बन्धमा।

१०. I.E.E प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा घ वर्गको कार्यविधि निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी २०७५ अनुसूची ५ मा "ट्याक्टर/ ट्रिपर १/१ थान हुनुपर्ने" व्यवस्था भएकोमा "वहालमा समेत लिई प्रयोग गर्न सकिने। यसरी वहालमा लिदाँ लिने दिने दुवै पक्षको सरकारी लिखत गरी सम्झौता बराबरको १० प्रतिशत वहाल कर अग्रीम जम्मा गरी सोको रसिद समेत पेश गर्नुपर्ने" वर्गको कार्यविधि निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी २०७५ तपशिल अनुसार संशोधन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको दोस्रो र तेस्रो तलाको भवन निर्माणका लागि भएको ठेक्का सम्झौताको २०७७ माघ १ गतेदेखि लागु हुने गरी ६ महिना म्याद थप गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोभिड अस्पतालमा पदपूर्ति समितिको सिफारिस बमोजिम मे.अ. डा. अभिशेक नायक र स्टाफ नर्स बेनिशा प्रसाईलाई सेवा करारमा भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐलानी जग्गा लगत संकलन सहजकर्ताको वडा नं. ३,४,७,८ मा कार्यरत कर्मचारीहरुको मिति २०७७/०७/१५ बाट लागु हुने गरि थप २ महिनाको सेवा करार गर्ने निर्णय गरियो तथा यस कनकाई नगरपालिकामा विगत लामो समय देखि कार्यालय सहयोगी पदमा कार्यरत मीरा देवी चर्मकारलाई निजको कार्य क्षमता एवं निवेदन समेतको आधारमा २०७७ श्रावण देखि नै लागु हुने गरि मासिक रु. १५,०००/- पारिश्रमिक प्रदान गर्ने गरि सेवा करार गर्ने निर्णय गरियो। साथै यस कार्यालयमा एम्बुलेन्स चालकको दायित्व प्राथमिक स्वास्थ्य केन्द्रलाई हस्तान्तर गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रम अर्न्तगत स्वीकृत भएको योजनाको नाम सूर्य वाटिका सामुदायिक भवन निर्माण कनकाई नगरपालिका वडा नं. ३ हुनुपर्नेमा वडा नं. ४ भएकाले सुधारका लागि सम्बन्धीत निकायमा लेखी पठाउने निर्णय गरियो। आ.व. २०७७/०७८ मा नगरपालिकामा निति तथा कार्यक्रमको पेज नं. ३७ को वडा नं. १ मा रहेको योजना तथा कार्यक्रमको नाम वडा नं. १ स्थित लक्ष्मी मार्ग खहरे खोलामा कल्भर्ट निर्माण हुनु पर्नेमा अन्यथा भएकाले सच्याउने निर्णय गरियो। कनकाई नगरपालिका वडा नं. ९ मा निर्माण भईरहेको कोच राजवंशी केन्द्रको गत आ.व. २०७६/०७७ मा संघ तथा प्रदेशबाट विनियोजन भएको रकम मध्ये नगरको तर्फबाट साझेदारी लागत अनुमानको १० प्रतिशत रकम गत आ.व.मा खर्च हुन नसकेकोमा गत मौज्दातबाट खर्च हुने गरी लागत अनुमानको १० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ५ निवासी अल्सरको बिरामी राजवन्ती राजवंशीलाई रु. १०,०००/- र सुस्तमनस्थिति सरोकार समाज क.न.पा-०१लाई प्रस्तावनाका आधारमा रु. १,८०,०००/- सहयोग प्रदान गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेशसँगको साझेदारीमा बन्ने सुरुङ्गा पुलबाट बिरिङ्ग खोला हुँदै अर्जुनधारा जोड्ने बाटो तथा वडा नं. ३ स्थित रिङ्ग रोड (सुरुङ्गा बजार परिक्रमा गर्ने बाटो) विकास तथा सामाजिक हिसावले महत्वपूर्ण भएको हुँदा उक्त योजनाहरुको लागि प्रदेश सरकारसँग रकम माग गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कनकाई नगरपालिका मातहतको प्रस्तावित कनकाई नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा)मा मेची आँखा अस्पतालको शाखा विस्तारका लागि आएको माग निवेदनानुसार शाखा विस्तारका लागि सहमति प्रदान गर्ने निर्णय गरियो।

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०२ औं नगर कार्यपालिका बैठक मिति २०७७/०९/०७ मंगलबार

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं. ४ मा निर्माण भएको त्रिवेणी टोलबाट पिण्डेश्वर मार्ग जाने बाटो कालोपत्रे त्रिवेणी बाटो निर्माण उपभोक्ता समूहलाई अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा दिईएको भुक्तानी रु. २१,३९,०००/- अनुमोदन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा कनकाई कृषि बजार निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन IEE प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो । साथै आवश्यक पर्ने ९९५० ब.मि (०.९९५ हे.) जमिन प्राप्त गर्नलाई सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय़ समेत गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल पौष १५ गते बुधबारका दिन बेलुका ६ बजे यस कनकाई नगरपालिकाका नगर उपप्रमुख श्री मन्जु प्रसाई ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका आकास्मिक बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर उपप्रमुख - मन्जु प्रसाई
२. वडा अध्यक्ष - रोशनराज पोखरेल
३. वडा अध्यक्ष - परशुराम गिरी
४. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
५. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
६. वडा अध्यक्ष - कृष्ण बहादुर राई
७. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
८. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा
९. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
१०. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
११. कार्यपालिका सदस्य सिता अधिकारी
१२. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१३. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१४. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी
१५. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१६. कार्यपालिका सदस्य सुनिता खरेल
१७. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ
१८. कार्यपालिका सदस्य मुना बयलकोटी
१९. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य :

१. प्र.अ. विवेक भण्डारी
२. स्वकीय सचिव विजय पाठक
३. १नं. वडा सदस्य देवी प्रसाद अधिकारी
४. [illegible] - कर्मचारी
५. वडा नं. ५ सदस्य - जमुना देवी शिवाकोटी
६. वडा नं. ५ सदस्य - गोपाल प्रसाद विमली
७. वडा नं. ५ सदस्य - शशीकान्त मैनाली
८. वडा नं. ४ सदस्य - रोशन सुवेदी
९. वडा नं. ९ सदस्य - नरमान श्रेष्ठ
१०. वडा नं. ३ सदस्य - सुष्मा परियार
११. वडा नं. ३ सदस्य - छवि चपलिया

Scanned with CamScanner

# कनकाई नगरपालिका

**१०३ औं नगर कार्यपालिका बैठक** मिति २०७७/०९/१५ बुधवार

**प्रस्तावहरु**

१. शोक विदा सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूका पुजनिय पिता तथा तत्कालिन सुरुङ्गा गाउँ पञ्चायतमा चार पटकसम्म प्रधानपञ्च रहि समाजसेवाका क्षेत्रमा समेत अग्रणी भुमिका निर्वाह गर्नु भएका श्रदय श्री गणेशप्रसाद पोखरेलको ८७ वर्षको उमेरमा आज मिति २०७७ साल पौष १५ गते बुधबार अपरान्ह असमायिक निधन भएकोले हामी अत्यान्तै मर्माहित भएका छौं। उहाँको निधनको यस दुखतको घडीमा शोकाकुल हुनु भएका नगरप्रमुखज्यू लगायत सम्पूर्ण परिवारजनहरुप्रति समवेदना प्रकट गर्दै दिवङ्गत पिता प्रति हार्दिक श्रद्धाञ्लि अर्पण गर्दछौं। यस दुखत घडिमा भोली मिति २०७७ साल पौष १६ गते विहिबार कनकाई नगरपालिलकाको कार्यालय, मातहतका सवै वडा कार्यालयहरु, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरुमा समेत शोक (सार्वजनिक) विदा दिने निर्णय गरियो।

Scanned with CamScanner

बैठक संख्या : १०४

आज मिति: २०७७ साल पौष २९ गते बुधवारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्रकुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यलयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख | राजेन्द्रकुमार पोखरेल |
| २. नगर उपप्रमुख | मञ्जु प्रसाई — |
| ३. वडा अध्यक्ष | रोशनराज पोखरेल |
| ४. वडा अध्यक्ष | परशुराम गिरी |
| ५. वडा अध्यक्ष | रुद्रप्रसाद चिमरिया |
| ६. वडा अध्यक्ष | गोविन्दप्रसाद पौडेल |
| ७. वडा अध्यक्ष | कृष्णबहादुर राई |
| ८. वडा अध्यक्ष | लक्ष्मीप्रसाद ओली |
| ९.वडा अध्यक्ष | लीलाबहादुर कन्ङ्वा |
| १०. वडा अध्यक्ष | प्रेमबहादुर कट्वाल |
| ११. वडा अध्यक्ष | प्रेमप्रसाद राजवंशी |
| १२. कार्यपालिका सदस्य | सिता अधिकारी |
| १३. कार्यपालिका सदस्य | साबित्रा बर्देवा |
| १४. कार्यपालिका सदस्य | चुवालाल राजवंशी |
| १५. कार्यपालिका सदस्य | देबेन्द्रकुमार दर्जी |
| १६. कार्यपालिका सदस्य | कृष्ण माया भुजेल |
| १७. कार्यपालिका सदस्य | सुनिता खरेल |
| १८. कार्यपालिका सदस्य | नवलकिशोर दत्त कायस्थ — |
| १९. कार्यपालिका सदस्य | मुना बयलकोटी |
| २०. सदस्य सचिव प्र.प्र.अ | मोहन प्रसाद नेउपाने |

अन्य :

| | |
|---|---|
| १) प्रशासकीय अधिकृत | विवेक भण्डारी |
| २) स्वकिय सचिव | विजय पाठक |
| ३) इन्जिनियर . | लक्ष्मी प्रसाद अधिकारी |
| ४) आ.ले.प. अधिकृत | कृष्णप्रसाद रिजाल |

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०४ औं नगर कार्यपालिका बैठक 　　　　　　　　　　　　　　मिति २०७७/०९/२९ बुधवार

प्रस्तावहरु

१. स्वास्थ्य लाभको कामना सम्बन्धमा।

२. आ.व. २०७८/०७९ को समपूरक तथा विशेष अनुदान सम्बन्धमा।

३. आठौं नगरसभा सम्बन्धमा।

४. तथ्याङ्क संकलनको दर सम्बन्धमा।

५. कार्यालय भवनको रनिङ्ग बिल भुक्तानी सम्बन्धमा।

६. सेवा करार सम्बन्धमा।

७. राजपत्र प्रकाशन समिति सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं.१ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ८ का वडाध्यक्ष श्री प्रेम कटुवाल एवम कार्यपालिका सदस्य श्री सुनिता खरेल सिग्देलको मिति २०७७/०९/२९ गते दुर्घटनामा परि घाईते भई उपचाररत रहनुभएकोमा शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस नगरपालिकाको तर्फबाट आ.व. ०७८/०७९ का लागि तपशिल अनुसार योजनाहरु प्राथमिकीकरण गरि माग गर्ने निर्णय गरियो।

**क. समपूरक अनुदान**

| सि.नं. | योजनाको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कनकाई बहुउद्देसीय भवन निर्माण | क.न.पा.-३ | ३ करोड ६० लाख | |
| २ | जनपथ सडक कालोपत्रे | क.न.पा.-७ र ६ | ३ करोड | |
| ३ | वडा नं. ४,६ र ८ को कार्यालय भवन निर्माण | क.न.पा.-४,६ र ८ | १ करोड ५० लाख | |
| ४ | रिङ्ग रोड कालोपत्रे | क.न.पा.-३ | २ करोड | |

**ख. विशेष अनुदान**

| सि.नं. | योजनाको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कनकाई विर्ता अर्जुन नविकरणिय उर्जा | क.न.पा.-२ | ५ करोड | |
| २ | मुसहर तथा छेदी (मण्डल) बस्तीमा खानेपानीका लागि पाईपलाईन विस्तार तथा धारा जडान | क.न.पा.-४ र ५ | ३ करोड डीपीआर बमोजिम | |
| ३ | सुरुङ्गा खोला, विरिङ्ग र कनकाई नदि तटबन्धन | क.न.पा. | ५ करोड | |

Scanned with CamScanner

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा कनकाई नगरपालिकाको आठौं नगरसभा मिति २०७७।१०।०८ गते दिनको १ बजे कनकाई नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिहिन, अव्यवस्थित तथा सुकुम्बासी बसोवासको तथ्याङ्क संकलन प्रयोजनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगको फारम भरेको,लगत संकलन गरेको तथा प्रविष्टी गरेको बापत प्रति फर्म क्रमशः रु २०,रु ३५ र रु ५० दिने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको दोस्रो तथा तेस्रो तल्लाको भवन निर्माणको पाँचौ रनिङ्ग विल अनुसारको रकम रु.३५७८४५६.८८।– भुक्तानी दिने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा भूमिहिन, अव्यवस्थित तथा सुकुम्बासी बसोबासको लागि कार्यविधि बमोजिम सिफारिस भई आएका २ जना अमिन (ईश्वर ढकाल र ज्ञानेन्द्र निरौला) लाई पौष १ गते देखि लागु हुने गरि ३ महिने सेवा करारमा लिने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाबाट पारित कानुन तथा कार्यविधिहरुलाई राजपत्रमा प्रकाशित गर्न तपशिल अनुसारको राजपत्र प्रकाशन समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- पिताम्बर गौतम

सदस्य- कृष्ण प्रसाद रिमाल

सदस्य- खगेन्द्र मिश्र

Scanned with CamScanner

कनकाई नगरपालिकाको कार्यालय

नगरकार्यपालिका बैठक

बैठक संख्या १०५ मिति २०७७।१०।०६

---

प्रस्तावहरु

१. कर्मचारी करार सम्बन्धमा।

२. कार्यविधि सम्बन्धमा।

३. भुक्तानि अनुमोदन सम्बन्धमा।

४. योजना माग गर्ने सम्बन्धमा।

५. वातावरण विद्येयक २०७७ सम्बन्धमा।

६. सहकारी विद्येयक २०७७ सम्बन्धमा।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।

८. घ वर्गको ईजाजतपत्र सम्बन्धमा।

९. परामर्शदाताको नियुक्ति सम्बन्धमा।

१०. मेयर आवास कार्यक्रम तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा विगतमा यस कार्यपालिकाको निर्णयबमोजिम सेवा करार गरिएका तपशिल कर्मचारीहरुको समान सेवा सुविधा रहने गरी नियमानुसार २०७८ असार मसान्तसम्म सेवा करार गर्ने निर्णय गरियो।

Scanned with CamScanner

कनकाई नगरपालिकाको कार्यालय
नगरकार्यपालिका बैठक

बैठक संख्या १०५ मिति २०७७।१०।०६

२. प्रस्ताव नं २ माथि छलफल गर्दा **बालअधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यसंचालन कार्यविधि २०७७** पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा तपशिल अनुसार भुक्तानी दिने निर्णय गरियो ।
   क. सडक सहयोगापेक्षी सडकमानव हरुको उद्धार कार्यक्रम बापत रु २३३५००।– भुक्तानी दिने ।
   ख. सानोमाई पुलको गत आ व मा भुक्तानी हुन बाँकी रकम रु ३६१०००।– भुक्तानी दिने ।
   ग. लक्ष्मीमार्ग क न पा ३ को कार्यसम्पन्न भएकाले रु १२०००००।– भुक्तानी दिने ।
   घ. रघुमार्ग चप्रामारी मल्टीट्रस बृजको पार्टस खरिद तथा डेलिभरी गरेबापत मैनावती स्टील ईन्डस्ट्रिजलाई रु २७ लाख सस्पेन्सन बृज निर्माणका लागि यस वर्ष प्राप्त रकमबाट तथा बाँकी रकम नगरको मौज्दातबाट व्यहोर्ने गरी भुक्तानी दिने ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा लाईभ स्टक भवन निर्माण गर्न आवश्यक जग्गा प्राप्त भईसकेकाले भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्थाका लागि सम्बन्धित निकायमा माग गरी पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा विभायन समितिबाट पेश हुन आएको **कनकाई नगरपालिकाको वातावरण संरक्षण विद्येयक** २०७७ माथि छलफल गरियो । साथै उक्त विद्येयक आगामी नगरसभामा पेश गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा विभायन समितिबाट पेश हुन आएको **कनकाई नगरपालिकाको सहकारी विद्येयक** २०७७ माथि छलफल गरियो । साथै उक्त विद्येयक आगामी नगरसभामा पेश गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा आ व ०७७/७८ को प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत तपशिल अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. कनकाई माई तटबन्धन वडा नं २ | रु ७०,००,०००।– |
| ख. बिरीङ नदी तटबन्धन | रु ४०,००,०००।– |
| ग. प्रत्येक वडाबाट छनौट भएका कार्यक्रम | रु ५/५ लाख |

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सम्बन्धित शाखाको सिफारिसमा तपशिल अनुसार फर्महरुलाई घ वर्गको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।
   क. श्वेत भैरव कन्स्ट्रक्सन , क न पा ३
   ख. के पी पाथीभरा कन्स्ट्रक्सन प्रा लि क न पा ६

Scanned with CamScanner

कनकाई नगरपालिकाको कार्यालय

नगरकार्यपालिका बैठक

बैठक संख्या १०५ मिति २०७७।१०।०६

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा बालमैत्री नगर घोषणा कार्यक्रमका लागि आवश्यक पर्ने प्राविधिक सहयोगका लागि परामर्शदाताको रुपमा नियमानुसार पारिश्रमिक प्रदान गर्ने गरी श्री सुमन ढकाललाई नियुक्ति गर्ने निर्णय गरियो।

१०.प्रस्ताव नं १० माथि छलफल गर्दा मेयर आवास कार्यक्रम तथा विपन्न आवास कार्यक्रम मार्फत प्रति वडा १५/१५ वटा आवास निर्माण गर्ने निर्णय गरियो।

साथै वडा नं ४,६ र ७ को निर्माणाधीन आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको यस आ व को सशर्त रकम प्राप्त भएपश्चात् शोधभर्ना हुने गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल माघ १६ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल

२. नगर उपप्रमुख - मञ्जु प्रसाई

३. वडा अध्यक्ष - रोशनराज पोखरेल

४. वडा अध्यक्ष - परशुराम गिरी

५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया

६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल

७. वडा अध्यक्ष - कृष्ण बहादुर राई

८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली

९. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा

१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल

११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी

१२. कार्यपालिका सदस्य सिता अधिकारी

१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा

१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी

१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी

१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल

१७. कार्यपालिका सदस्य सुनिता खरेल

१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ

१९. कार्यपालिका सदस्य मुना बयलकोटी

२०. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य : अधिकृतस्तर दशौं पिताम्बर गौतम

प्रशासकीय अधिकृत विवेक भण्डारी

स्वकीय सचिव विजय पाठक

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०६ औं नगर कार्यपालिका बैठक 　　　　　　　　　　　　　　　　मिति २०७७/१०/१६ शुक्रवार

**प्रस्तावहरु**

१. शहिदहरु प्रति श्रद्धाञ्जली सम्बन्धमा।
२. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ सम्बन्धमा।
३. तराई मधेश समृद्दि कार्यक्रम योजनाको आ.व. २०७७/०७८ को योजना छनौट सम्बन्धमा।
४. योजनाको नाम संशोधन सम्बन्धमा।
५. सेवा करार सम्बन्धमा।
६. घर नक्सा सम्बन्धमा।
७. राष्ट्रपति शैक्षिक सुधार योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रजातन्त्र, लोकतन्त्र तथा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कनकाई नगरपालिकाको " **संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७**" माथि छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रमको आ.व. २०७८/०७९ का लागि तपशिल अनुसारको कार्यक्रम माग गर्ने निर्णय गरियो।
   १. सामुहिक आवास कार्यक्रम
   २. कोच राजवंशी केन्द्र भवन निर्माण वडा नं ९
   ३. संथाल सामुदायिक होमस्टे निर्माण वडा नं ७

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ व ०७७/७८ को कनकाई नगरपालिका वडा नं. ३ को योजना वुदा नं. ७ मा नन्दलाल भण्डारी हुनु पर्नेमा विपिन भण्डारी भएकोले योजनाको नाम सच्याउने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ९ बाट सिफारिस भए बमोजिम धरम राजवंशीलाई कार्यालय सहयोगी पदमा सेवा करार गर्ने निर्णय गरियो। साथै ट्रयाक्टर चालकको रुपमा डोर ब. मगरलाई मिति २०७७/०९/०१ गतेदेखि लागू हुने गरी सेवा करार अनुमोदन गर्ने निर्णय गरियो। साथै कानुन अधिकृतको सेवा परामर्शदाताको रुपमा लिन प्रकृया अघि बढाउने निर्णय गरियो।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा गा.वि.स.को वखतमा भएका घरनक्सा पासका सम्बन्धमा अध्ययन गरि सुझाव पेश गर्न तपशिल अनुसारको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो।
   श्री गोविन्द प्रसाद पौडेल -सदस्य
   श्री प्रेम बहादुर कटवाल- सदस्य
   श्री कुशल हुमागाई- सदस्य
   प्र प्र अ ले तोकेका २ जना सदस्य

Scanned with CamScanner

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्राप्त सवै माग प्रस्तावहरुलाई वर्णानुक्रमानुसार प्राथमिकीकरण गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा माग गरि पठाउने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कोभिड-१९ को अवस्थामा यस कनकाई नगरपालिका वडा नं. ३ मा रहेको सुरुङ्गा जेसिजमा क्वारेन्टाईन स्थल संचालानार्थ भएको विद्युत, खानेपानी र सरसफाई आदि बापतको रकम रु. ५७,५४० भुक्तानी गर्ने निर्णय गरियो। राजश्व अनुसन्धान कार्यालय पथलैया बाराबाट प्राप्त बोलेरो जीप मर्मत गरी प्रहरीलाई हस्तान्तरण गरिएकोमा सोलाई अनुमोदन गरी मर्मत गर्न लागेको रकम भुक्तानी दिने निर्णय गरियो। साथै कनकाई बिर्ता अर्जुन नविकरणिय उर्जा प्रा.लि.को पाईपलाईन निर्माणका लागि आ.व. २०७६/०७७ मा आव्हान गरिएको ठेक्का रद्ध गरी प्रस्तावदाताहरुको जमानत एवं धरौटी फुकुवा फिर्ता गर्ने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल फाल्गुन ०७ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - परशुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९.वडा अध्यक्ष - लीला बहादुर कन्दङ्गवा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देवेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ –
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव नि.प्र.प्र.अ. पितामभर गौतम

अन्य :

प्रशासकीय अधिकृत विवेक भण्डारी
स्वकीय सचिव विजय पाठक

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०७ औं नगर कार्यपालिका बैठक मिति २०७७/११/०७ शुक्रबार

**प्रस्तावहरु**

१. प्रजातन्त्र दिवश सम्बन्धमा।
२. नगरसभा बैठक सम्बन्धमा।
३. सहयोग सम्बन्धमा।
४. भेरिएसन सम्बन्धमा।
५. घ वर्गको ईजाजत पत्र सम्बन्धमा।
६. ठेक्का सम्झौता सम्बन्धमा।
७. सच्याईएको सम्बन्धमा।
८. कार्यविधि सम्बन्धमा।
९. सेवा करार सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रजातन्त्र प्राप्तीको लागि प्राण उतसर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुद्धारा प्राप्त भएको प्रजातन्त्र दिवशको उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा नगरवासीहरुमा शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७७/११/१४ गते आठौँ नगर सभाको बैठक बस्ने निर्णय भएकोमा विविध कारणबस सो बैठक अर्को मितिं नतोकिउन्जेलसम्मका लागि स्थगन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ५ स्थित निर्माणाधिन हनुमान मन्दिरका लागि रु. १,००,०००/- र नेपाल रेडक्रस सोसाईटी सुरुङ्गा उपशाखालाई रु. ५,००,०००।– रकम यस आ.व. मा सहयोग गर्ने निर्णय गरियो। साथै सुस्तमनस्थिति सरोकार समाज कनकाई नगरपालिका वडा नं. १ लगायतलाई नगर प्रमुखको तोकआदेशबाट दिईएको सहयोग अनुमोदन गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको दोस्रो तथा तेस्रो तल्लाको भवन निर्माणका लागि डिजाईन तथा ईस्टिमेटमा छुट हुन गएको देखिएको र केहि थप गर्नुपर्ने आवश्यक भएको हुँदा उक्त कार्यहरुका लागि भेरिएसन वापतको रकम रु. ६९,०२,५७१/- स्विकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सम्बन्धित शाखाको सिफारिसमा कनकाई नगरपालिका वडा नं. ३ जानकी निर्माण सेवालाई घ वर्गको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ६ स्थित विभिन्न योजना निर्माण कार्यका लागि ठेक्का गरिएकोमा कनकाई नगरपालिकाको मूल्याङ्कन समितिबाट सिफारिस भई अनुमोदनका लागि आए बमोजिम तथा बढी कबोल गर्ने बोलपत्रदाता फर्मको तपशिलमा उल्लेखित अनुसार स्विकृत गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ८ स्थित स्वास्थ्य केन्द्रको घरभाडा वापतको रकम रु. ९००० हुनुपर्नेमा अन्यथा भएकोले सच्याउने निर्णय गरियो।

Scanned with CamScanner

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कनकाई नगरपालिकाको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गाको क्षमता विस्तार गर्नका लागि MDGP चिकित्सक-१, MBBS चिकित्सक-१ र Staff Nurse-१ पदका लागि ७ दिने सूचना आव्हान गरि कार्यविधि बमोजिम सेवा करारमा पद पूर्ति गर्ने निर्णय गरियो। साथै ऐलानी घुम्ती शिविरमा कार्य गरेका सहजकर्ताहरुलाई वडा र सम्बन्धित शाखाको सिफारिसमा रु. ५४५ प्रति दिन हाजिरिका आधारमा र उक्त शिविरमा तस्विर तथा फोटो कपि गर्नका लागि सहजिकरण गर्नुहुने ३ जना सहजकर्तालाई प्रति व्यक्ति रु. १५००० र क्यामेरा भाडा वापतको रकम रु. १०००० भुक्तानी दिने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयबाट मिति २०७७/०६/३० गते प्रकाशित स्वास्थ्य सामग्री खरिद सम्बन्धी क्याटलग सपिङ्ग बिधिबाट आव्हान गरिएकोमा प्राप्त भएका दरभाउपत्र मध्ये सिद्धार्थ मेडिकल टेक्नोलोजी ललितपुरको तर्फबाट पेश भएको USG with color Doppler Machine को प्रस्ताव स्विकृत भई निर्धारित समयमा सामग्री उपलब्ध गराउन नसकेको तथा बारम्बार ताकेता गर्दा समेत सामग्री उपलब्ध नगराएको हुनाले सो फर्मसँगको ठेक्का रद्द गर्ने र नियमानुसार दोस्रो कम कबोल गर्ने पक्षसँग सम्झौता गर्ने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल चैत्र ०६ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - पर्शुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देवेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य नवलकिशोर दास कायस्थ
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य : वडा नं. ४ का.वा. वडाध्यक्ष - प्रियप्रसाद ढकाल

प्रशासकीय अधिकृत विवेक भण्डारी
आ.ले.प. अधिकृत कृष्ण प्रसाद रिमाल
स्वकीय सचिव विजय पाठक
लेखापाल सहायक लक्ष्मी प्रसाद अधिकारी
कार्यक्रम संयोजक उमानाथ ढकाल
रुद्रप्रकाश पोंची भीमराज आचार्य

Scanned with CamScanner

# कनकाई नगरपालिका

## १०८ औं नगर कार्यपालिका बैठक मिति २०७७/१२/०६ शुक्रवार

**प्रस्तावहरु**

१. संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन संशोधन सम्बन्धमा।
२. सेवा करार सम्बन्धमा।
३. भुक्तानी सम्बन्धमा।
४. कृषि सम्बन्धी प्रस्तावहरु सम्बन्धमा।
५. वडा नं ६ को योजना सम्बन्धमा।
६. खरिद परामर्शसम्बन्धमा।
७. कार्यविधि सम्बन्धमा।
८. सूचना रद्ध सम्बन्धमा।
९. ठेक्का रद्द संम्बन्धमा।
१०.हात्तीपाईले रोग निवारण सम्बन्धमा।
११.अनुगमन समिति सम्बन्धमा।
१२.अपाङ्गता संरक्षण समन्वय समिति पुनर्गठन सम्बन्धमा।
१३.सवारी इकाई कोठा निर्माणसम्बन्धमा।
१४. घटना दर्ता शिविर सम्बन्धमा।
१५. विगोको सदस्यता सम्बन्धमा।
१६. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा वन तथा भू-संरक्षण विभागको च.नं. २७३ मिति २०७७/११/२८ गतेको पत्रानुसार कनकाई कृषि बजार निर्माणको संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएकोमा रुखको संख्या फरक पर्न भएकोमा खानेपानी सिमानासम्म गणना गरी संशोधित संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा विभिन्न मितिमा प्रकाशित सूचनाको आधारमा तपशिल बमोजिमको तपशिल व्यक्तिहरुलाई करारमा नियुक्ती गर्ने निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सूर्य नारायण शाह | एम.डि.जि.पि | |
| २ | अभिषेक नायक | मेडिकल अधिकृत | |
| ३ | स्टाफ नर्स | वेनिशा प्रसाई | |
| ४ | नगरपालिकाको कार्यालय सहयोगी | गंगा विष्ट आचार्य | |

साथै भूमिको लगत संकलन कार्यक्रमका लागि सेवा करार गरिएका अमिन ईश्वर ढकाल र ज्ञानेन्द्र निरौलाको करार असार ०७८ सम्मका लागि थप गर्ने निर्णय गरियो।

Scanned with CamScanner

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्डबाट वडा नं. २ मा रहेका मनमोहन मार्गका लागि रकम विनियोजित भई कार्य सम्पन्न भएकोमा कार्तिक मसान्तसम्ममा रकम फरफारक गर्नुपर्नेमा सडक बोर्डबाट नै उक्त योजनाको रकम सो समयावधिमा प्राप्त नभएको र हालै मात्र प्राप्त भएकोमा फरफारक गर्ने निर्णय गरियो । साथैवडा नं. ७ स्थित रहेको प्रगती मार्गको रकम रु. ११२८३२९/- र वडा नं ८ मा रहेको को रु फरफारक गर्ने निर्णय गरियो । साथै कनकाई नगरपालिका विभिन्न वडाका योजनाहरु तपशिलमा उल्लेखित संसोधित गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | योजनाको नाम | संसोधन भएको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | शान्ति कुटी सेवा सदन | शान्ति समाज सेवा भवन | |
| २ | १ | भक्ति काफ्लेको घर पूर्व पँधेरे खोल्सीमा ह्युम पाईप जडान | भक्ति काफ्लेको घर पूर्व पँधेरे खोल्सीमा कल्भर्ट | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कृषि उत्पादन नियन्त्रण प्रणाली अन्तर्गत व्यवसायिक योजना निर्माण गर्दा लाग्ने दस्तुर एकल बालिका लागि रु. १५० र बहु बालिको लागि रु. २५० निर्धारण गरियो । साथै १५ प्रकारको बालिको विरुवाको मूल्य तपशिलमा उल्लेखित अनुसार गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विरुवाको नाम | विरुवाको मूल्य (प्रति ओटा) | कैफियत |
|---|---|---|---|
| १ | रायोको साग | रु. १ | |
| २ | बन्दा (हाईब्रिड) | रु. २ | |
| ३ | फुलकोपी (हाईब्रिड) | रु. ३ | |
| ४ | ब्रोकाउली (हाईब्रिड) | रु. ४ | |
| ५ | टमाटर (हाईब्रिड) | रु. ३ | |
| ६ | पिरो खोर्सानी (हाईब्रिड) | रु. ३ | |
| ७ | करेला (हाईब्रिड) | रु. १५ | |
| ८ | लौका (हाईब्रिड) | रु. १५ | |
| ९ | घिरौला/झिगनी (हाईब्रिड) | रु. १५ | |
| १० | फर्सी (हाईब्रिड) | रु. १० | |
| ११ | भेडे खोर्सानी (हाईब्रिड) | रु. ७ | |
| १२ | कुरिलो (स्थानीय) | रु. ५ | |
| १३ | काक्रा (हाईब्रिड) | रु. १० | |
| १४ | बैगुन (स्थानीय) | रु. ३ | |
| १५ | प्याज (हाईब्रिड) | रु. ७५ प्रति सयकडा | |

Scanned with CamScanner

साथै कनकाई नगरपालिका र स्थानीय किसानसँगको साझेदानरीमा स्प्रे ट्याङ्की खरिदका लागि मिति २०७७/१०/२७ गतेको कोटेशन प्रकृया अनुसार माग गरिएको रु. १९,९६,०००/- ले ४९९ वटा खरिद गर्न भनी सूचना प्रकाशन गरिएकोमा प्रति स्प्रे ट्याङ्की ३२५४ मा प्राप्त भएकाले सोहि दररेटमा जम्मा ६१४ थान खरिद गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ६ का विभिन्न योजनाहरु ठेक्काबाट संचालन गर्नका लागि सूचना गरिएकोमा करिव ४८ प्रतिशत दररेटमा सो कार्य गर्न कबोल भई सम्झौता भएकोमा सोहि दररेटमा बाँकी रकमको कार्य गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कार्यालयका लागि सेवा परामर्श प्रकृया अनुसार १ जना खरिद विज्ञका लागि सूचना प्रकाशन गर्ने निर्णयगरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगर युवा परिषद् २०७७ तथा बाल अधिकार संवद्धन तथा संरक्षण कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो। साथै कनकाई नगर विषय विज्ञ परिचालन कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गाका लागि बायोटेक्नोलोजिस्ट पदका लागि निकालिएको सूचना प्रा.स्वा.के.सुरुङ्गाद्धारा सूचना रद्दका लागि पठाईएको पत्रानुसार उक्त सूचना रद्द गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गाका लागि मिति २०७७/०६/३० गते क्याटलग प्रकृयाबाट X-ray तथा USG Machine खरिदका लागि निकालिएको सूचनाहरुको आधारमा भएको सम्झौतालाई रद्द गर्ने निर्णय गरियो।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगर भित्रका सम्पूर्ण वडामा हात्तीपाईले रोग निवारणका लागि शिविर संचालन गर्ने निर्णय गरियो।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको अनुगमन समितिको सदस्य श्री सुनिता सिग्देल खरेल ज्यू स्वास्थ्यमा असरका कारण अनुगमनमा जानु नसक्नु भएकाले उहाँ नआउन्जेलसम्मका लागि कार्यपालिका सदस्य श्री सिता अधिकारी ज्यूलाई अनुगमन समितिमा राख्ने निर्णय गरियो।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस कनकाई नगरपालिकामा रहेका अपाङ्गता संरक्षण समन्वय समितिको पदावधि सकिएकोमा पुरानै कार्यसमितिमा मा तपशिलको व्यक्तिहरुलाई थप गरी समिति पुनर्गठन गर्ने निर्णय गरियो।

तपशिल

निर्मला ओझा-क.न.पा.-४

यसोदा बराल-क.न.पा.-३

युवराज न्यौपाने-क.न.पा.-८

गायत्रा उप्रेती-क.न.पा.-२

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको सवारी ईकाइलाई व्यवस्थित बनाउन सवारी ईकाई कोटा निर्माणका लागि आवश्यक रु. १,४८,४२०.१९ विनियोजन गर्ने निर्णय गरियो।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमका लागि यस कनकाई नगरपालिकाबाट आगामी आ.व. २०७८/०७९ को लागि सेवा ईकाइको तलव मध्ये एक चौमासिक बापत हुन आउने बजेट साझेदारी गर्ने निर्णय गरियो। साथै घटना दर्ता शिविर संचालनका लागि

Scanned with CamScanner

२ जना डाटा अपरेटर एवं ६ जना तथ्याङ्क संकलक सेवा करारमा लिनका लागि ७ दिन सूचना प्रकाशन गर्ने निर्णय गरियो।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा World Smart Sustainable Cities Organization (WeGO) विगो को वर्ष ई सं २०२१ को सदस्यता शुल्क बापतको रकम १२५० अमेरिकी डलर भुक्तानी दिने निर्णय गरियो।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा कनकाई मा.वि. को जग्गा लिजमा प्रयोग गरेबापत नगरपालिकाले वार्षिक रु ६००००/- भुक्तानी दिने गरी सम्झौता भएकोमा विगत २ वर्षको रु १२००००।– र आगामी वर्ष प्राप्त हुने रकमबाट कट्टी हुने गरी आउने रु २८००००।– गरी कुल रु ४०००००।– चार लाख मात्र भुक्तानी दिने निर्णय गरियो। साथै रघुमार्ग चप्रामारी मल्टीट्रस बृजको बाँकी बक्यौता रु ५,४०,५५९.६३।– भुक्तानी दिने निर्णय गरियो। साथै कारितास नेपालसँग परामर्श डेस्क स्थापनाका लागि सम्झौता गर्ने निर्णय गरियो। प्रहरीलाई हस्तान्तरण गरिएको गाडी मर्मत गर्दा लागेको खर्च रु ३,९१,०००।– बिर्ता अटो वर्क्सलाई भुक्तानी दिने निर्णय गरियो।

सडक बोर्डबाट आ व ०७७/७८को लागि ४० लाख प्राप्त हुने अनुमान गरिएकोमा रु ३७ लाख मात्र प्राप्त भएकाले वडा नं १,२,३,५,६,८ का योजनालाई ५/५ लाख र वडा नं ४ र ७ का योजनाहरुलाई ६ /६ लाख विनियोजन गर्ने र नगरसभामा सोहीबमोजिम सिफारिस गर्ने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल चैत्र २३ गते सोमबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य सहितको उपस्थितिमा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा वसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - पर्शुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देवेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य :

प्रशासकीय अधिकृत विवेक भण्डारी
स्वकीय सचिव विजय पाठक

Scanned with CamScanner

# कनकाई नगरपालिका

१०९ औं नगर कार्यपालिका बैठक — मिति २०७७/१२/२३ गते सोमबार

प्रस्तावहरु

१. समिक्षा सम्बन्धमा।
२. धन्यवाद ज्ञापन सम्बन्धमा।
३. स्वास्थ्य शिविर सम्बन्धमा।
४. सौर्य कुकर तथा ड्रायर जडान सम्बन्धमा।
५. उज्यालो नगरी सम्बन्धमा।
६. संगठन संरचना सम्बन्धमा।
७. भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा।
८. अनुमोदन सम्बन्धमा।
९. विनियोजन सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकका निर्णयमाथि छलफल गरी कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कनकाई नगरपालिकालाई नेपाल नगरपालिका संघले नेपाल भरीका नगरपालिकाहरु मध्ये आ.व. २०७६/०७७ मा 'वित्तिय अनुशासन, राजश्व परिचालन तथा भौतिक पूर्वाधारमा लगानी' शिर्षकमा उत्कृष्ट नगरपालिका घोषित गरी सम्मान गरेकोमा नेपाल नगरपालिका संघलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त उपलब्धि हासिल गर्न अहोरात्र खटिने जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरुलाई विशेष आभार व्यक्त गर्दै यस सुखद उपलक्ष्यमा कर्मचारी तथा जनप्रतिनिधिहरु सहित अन्तरजिल्ला भ्रमण यहि मिति २०७८/०१/११ गते गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कनकाई नगरपालिका वडा नं. ७ स्थित भृकुटी मा.वि., दुर्गापुरमा कनकाई नगरपालिकाको आयोजना, नोवेल अस्पताल विराटनगरको प्राविधिक सहयोग र सूर्य प्रसाद रिमालको सहकार्यमा मिति २०७७/१२/२५ र २६ गते दुई दिवसीय निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने र उक्त शिविरमा स्वास्थ्य सेवा लिने सेवाग्राहीहरुको संख्याका आधारमा प्रति सेवाग्राही रु. १०० का दरले भुक्तानी गर्ने र सो शिविरमा सेवा दिन आउनुहुने चिकित्सक सहितको समूहको आवास र खानाको व्यवस्था नगरपालिकाले गर्ने निर्णय समेत गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वारा सौर्य उर्जा तथा ड्रायर जडानका लागि माग गरिएको प्रस्ताव निर्धारित ढाँचामा वडा कार्यालय मार्फत भराई माग गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकालाई उज्यालो नगरी घोषणा गर्न नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय तथा सहकार्य गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

Scanned with CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको कार्य सम्पादन चुस्तदुरुस्त एवं प्रभावकारी बनाउन कनकाई नगरपालिकाको संगठन संरचना एवं दरवन्दी सर्वेक्षण O&M को प्रकृया अगाडी बढाउने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देश विदेशका विभिन्न नगरपालिकाहरुसँग कला, संस्कृति र विकासका गतिविधिहरुको अनुभव आदान प्रदान गरी नगरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत परिचित गर्नका लागि अन्य राष्ट्रका नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्नका लागि पहल गर्ने नीति अनुरुप गणराज्य दक्षिण कोरियाको याङ्गु सहरसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कनकाई विर्तामोड र अर्जुनधारा नगरपालिकाको अन्तरपालिकास्तरीय समन्वयमा विपद् प्रतिकार्य गर्न एकिकृत विपद् व्यवस्थापन केन्द्र स्थापना गर्न आवश्यक प्रकृया अगाडी बढाउने लगायतका निर्णय गरिएकोमा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो। साथै कनकाई नगरपालिकामा बसेको सर्वदलिय वैठकको कनकाई नगरपालिका क्षेत्र भित्र गुट्खा तथा खैनी लगायत स्वास्थ्यका लागि हानिकारक वस्तुहरु निषेध गर्ने निर्णय बमोजिम सो सम्बन्धमा आवश्यक प्रकृया अगाडी बढाउने निर्णय समेत गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा रघुमार्ग चप्रामारी झोलुङ्गे पुल निर्माणका लागि रु १२ लाख विनियोजन गर्ने निर्णय गरियो। साथै धनुषकोटी अधुरो खण्ड कालोपत्रेका लागि रु ४० लाख, अमरपथ पूर्व सुरुङ्गा खोला जाने बाटोका लागि ४६ लाख समपूरक कोषबाट विनियोजन गर्ने र समपूरक कोषलाई अनुदानका रुपमा परिवर्तन गर्न नगरसभामा सिफारिस गर्ने निर्णय समेत गरियो। साथै मेयर आवास कार्यक्रम अन्तर्गत प्रत्येक वडामा नगरको रु २/२ लाख अनुदानका दरले १५ वटा घर गरी जम्मा १३५ वटा घर निर्माण गर्ने र अपुग रकम भुक्तानी नगरको मौज्दात कोषबाट गर्ने निर्णय गरियो। नदी नियन्त्रण तर्फ तपशिल अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो।

| सि नं | आयोजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | माई नदी नियन्त्रण | रु २०,००,०००/- | |
| २ | सुरुङ्गा खोला नियन्त्रण | रु २०,००,०००/- | |
| ३ | राजमार्ग उत्तर बिरीङ नदी नियन्त्रण | रु ४०,००,०००/- | |
| ४ | राजमार्ग दक्षिण बिरीङ नदी नियन्त्रण | रु २०,००,०००/- | |
| | जम्मा | रु१,००,००,०००/- | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कनकाई नगरपालिकामा कार्यरत लेखा अधिकृत श्री भुपेन्द्र दाहालको दुवै मृगौला खराव भई मृगौला प्रत्यारोपणका लागि भारतमा उपचाररत रहेकोमा जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि २०७५ बमोजिम रु१,५०,०००।– सहयोग प्रदान गर्ने निर्णय गरियो। साथै पिकनिक स्पोट जाने बाटो कालोपत्रे वडा नं ९ को बाटो भुक्तानी दिने निर्णय गरियो। जे.बी टुहुरे एकल सांगितिक साँझ २०७७ का लागि जे.वी टुहुरे फाउण्डेसनबाट पेश भएको प्रस्तावनामा रु. ५०,०००।– सहयोग प्रदान गर्ने निर्णय गरियो। साथै ऐलानी जग्गाको नक्साङ्कन कार्यको सहयोगका लागि मासिक रु. १५०००/- का दरले मिति २०७७/११/१८ गते देखि लागु हुने गरी कमल शिवाकोटी र तारा कुमार पाठकलाई सोहि मितिबाट सेवा करारमा लिने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७७ साल चैत्र २९ गते आईतबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसियो ।

उपस्थिति

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - पर्शुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य सावित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव प्र.प्र.अ. मोहन प्रसाद न्यौपाने

अन्य :

१. LISA विज्ञ : श्री तारानाथ निरौला

प्रशासकीय अधिकृत विवेक भण्डारी
स्वकीय सचिव विजय पाठक
लेखा [illegible] प्र. अधिकारी -
योजना शाखा / वातावरण - उमानाथ ढकाल -
सू.प्र.अ श्री रवीन्द्र मिश्र
जिन्सी शाखा प्रमुख : श्री भोजराज आचार्य

Scanned with CamScanner

# कनकाई नगरपालिका

११० औं नगर कार्यपालिका बैठक — मिति २०७७/१२/२९ गते आईतवार

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।
२. स्व-मूल्याङ्कन सम्बन्धमा।
३. शुभकामना सम्बन्धमा।
४. मुद्दा सम्बन्धमा।
५. प्रदेश समपुरक योजना सम्बन्धमा।
६. माटो परिक्षण तालिम सम्बन्धमा।
७. सोधभर्ना सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्य अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुमाथि छलफल गरी उक्त बैठकको समिक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको लागी निर्धारण गरिएका विभिन्न १० वटा परिसूचकहरुबाट यस नगरपालिकाले कूल ५९.५ प्रतिशत अंक प्राप्त गरेकोले उक्त अंक प्राप्त गर्न अहम भुमिका निर्वाह गर्ने यस नगरपालिका नगरप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीवर्गहरुलाई स-धन्यबाद प्रदान गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालीहरुको नयाँ बर्ष २०७८ सालको सम्पूर्ण जनप्रतिनिधि , कर्मचारी र नगरबासीहरुमा सुख शान्ती तथा समृद्धिको कामना गर्ने निर्णय गरियो। साथै पोखरा महानगरपालिकाको आयोजनामा मिति २०७८/०१/०१ गतेका दिन राष्ट्रिय मेयर सम्मेलन तथा मेयर साईकल दौड प्रतियोगितामा सहभागी हुनका लागि नगरप्रमुखज्यू सहभागि हुने भएकाले उक्त दौड प्रतियोगिताको सफलताको लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो। साथै आदिवासी जनजातीहरुको महान पर्व शिरुवानी पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उक्त पर्वको उपलक्ष्यमा मिति २०७८/०१/०३ गते शुक्रबारका दिन यस नगरपालिका क्षेत्रभित्र स्थानीय विदा दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालय समेतलाई विपक्षी बनाई निवेदक पदम प्रसाद प्रसाईले सम्मानीत सर्वोच्च अदालतमा दायर गरेको रिट नं. ०७७-WO-०९७४ को उत्प्रेषण समेत मुद्दामा कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी झापाको नामबाट लिखित जवाफ पेश गर्नु, वारेश राख्न, कानुन व्यवसायी मुकरर गर्न तथा सर्वोच्चबाट तोकीएको मिति २०७८/०१/०७ गतेको छलफल पेशी समेतमा हाजिर हुन लगायत मुद्दाका सम्पूर्ण कार्य गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मोहनप्रसाद न्यौपानेलाई अख्तियारी दिने निर्णय गरियो।

Scanned with CamScanner

# कनकाई नगरपालिका

११० औं नगर कार्यपालिका बैठक                                   मिति २०७७/१२/२९ गते आईतबार

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७७/०७८ का प्रदेश समपूरक कोषका लागि छनौट भएका वडाका योजनाहरुको ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो।


६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाका सम्पूर्ण वडा भित्रबाट तपशिल बमोजिमको संख्यामा किसानहरुको माटो परिक्षण गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

| क्र.सं. | वडा नं. | संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | १० | - |
| २ | २ | १० | |
| ३ | ३ | ८ | |
| ४ | ४ | १२ | |
| ५ | ५ | १३ | |
| ६ | ६ | ८ | |
| ७ | ७ | ८ | |
| ८ | ८ | ८ | |
| ९ | ९ | ८ | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ५ स्थित निर्माणाधिन रहेको झोलुङ्गे पुलको रकम फरफारकका लागि सोधभर्ना हुने गरी निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटको पेज नं. २९ को समपुरकमा संचालन हुने कार्यक्रमहरुको सिर्षक नं. २ मा बमोजिम अमर पथ पूर्व सुरुङ्गा खोला जाने बाटो कालो पत्रे चप्रामारीलाई विविध समपुरक विधिबाट संचलान हुने उल्लेख भएकोमा अन्य सामान्य योजना झै संचालन गर्न नगर सभालाई सिफारिस गर्ने र आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो। साथै धनुषकोटी मार्ग, जनपथ सडक सुरुङ्गा खोला पश्चिम अमरपथ सडक सम्म लगायत वडाबाट सिफारिस भएका नगरसँग साझेदारीमा वडाबाट बजेट व्यवस्थापन भएका सडकहरु बजेटले सम्भव भएसम्म कालोपत्रे तथा ईन्टरलक गर्ने वा गर्न सहयोग गर्ने निर्णय गरियो। साथै दुर्गापुर चप्रामारी जनपथ सडकको IEE को कार्ययोजना TOR स्विकृत गर्ने निर्णय गरियो। साथै कनकाई नगरपालिका वडा नं. ३ निवासी श्री राज कुमार कट्टेललाई कुनै पनि सुविधा उपलब्ध नहुने गरी कनकाई नगरपालिकाको अन्तरतह समन्वय सहजकर्ता मनोनित गर्ने निर्णय गरियो।



Scanned with CamScanner

आज मिति २०७८ साल बैशाख ७ गते मंगलबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसियो ।

**उपस्थिति**

१. नगर प्रमुख - राजेन्द्र कुमार पोखरेल -
२. नगर उपप्रमुख - मञ्जु प्रसाई
३. वडा अध्यक्ष - रोशनराज पोखरेल
४. वडा अध्यक्ष - पर्शुराम गिरी
५. वडा अध्यक्ष - रुद्र प्रसाद चिमरीया
६. वडा अध्यक्ष - गोविन्द प्रसाद पौडेल
७. वडा अध्यक्ष - कृष्ण बहादुर राई
८. वडा अध्यक्ष - लक्ष्मी प्रसाद ओली
९. वडा अध्यक्ष - लीला बहादुर कन्दङ्वा
१०. वडा अध्यक्ष - प्रेम बहादुर कट्वाल
११. वडा अध्यक्ष - प्रेम प्रसाद राजवंशी
१२. कार्यपालिका सदस्य सिता अधिकारी
१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा
१४. कार्यपालिका सदस्य चुवालाल राजवंशी
१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी
१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल
१७. कार्यपालिका सदस्य सुनिता खरेल
१८. कार्यपालिका सदस्य. नवलकिशोर दत्त कायस्थ —
१९. कार्यपालिका सदस्य मुना बयलकोटी
२०. सदस्य सचिव नि.प्र.प्र.अ. हरि प्रसाद मिश्र

अन्य :

स्वकीय सचिव विजय पाठक

# कनकाई नगरपालिका

१११ औं नगर कार्यपालिका बैठक मिति २०७७/०१/०७ गते मंगलबार

प्रस्तावहरु

१. समिक्षा सम्बन्धमा।
२. राष्ट्रिय जनगणना २०७८ सम्बन्धमा।
३. ऐलानी जग्गाको लगत संकलन सम्बन्धमा।
४. जग्गा प्राप्ति सम्बन्धमा।
५. वडा नम्बर ५ को आधारभूत स्वास्थ्य सेवाकेन्द्रको भवन सम्बन्धमा।
६. ठेक्का सम्बन्धमा।
७. कार्यविधि परिवर्तन सम्बन्धमा।
८. भुक्तानी सम्बन्धमा।
९. बजेट बिनियोजन, योजनाको नाम संसोधन तथा रकमान्तर सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्य अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुमाथि छलफल गरी उक्त बैठकको समिक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय जनगणना २०७८ को कार्यक्रम एवं कार्ययोजना सम्बन्धमा जनगणना अधिकारीहरुबाट जानकारी प्राप्त भयो। यस राष्ट्रिय महाअभियान सफल पार्न आ-आफ्नो स्थानबाट सहयोग गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमि सम्बन्धी समस्या समाधान आयोग झापाका सदस्य श्री राधाकृष्ण खनालको उपस्थितिमा यस नगरपालिकामा भई रहेको ऐलानी जग्गाको लगत संकलन तथा नक्साङ्कनको कार्य प्रगती सम्बन्धमा छलफल गरियो। विगतमा नापजाँच भई पूर्जा प्राप्त गर्न छुट भएका, श्रेस्ता कायम गर्न छुट भएका जग्गाधनीहरुको सम्बन्धित वडाहरुबाट आवश्यक प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ९ को मिति २०७८/०१/०६ च.नं. ८४७ को पत्रानुसार वडा कार्यालयको भवन पूर्व जेष्ठ नागरीकको भवन पश्चिम रहेको मित्र प्रसाद उप्रेतीको नाममा दर्ता कायम रहेको साविक घैलाडुब्बा-६ हाल कनकाई नगरपालिका वडा नं. ९ को कि.नं. १५३ ज.वि. ०-१-१०-० मध्ये उत्तर तर्फबाट हुने गरि ६६ फिट जग्गा अन्दाजी ०-०-१८-० जग्गा कनकाई नगरपालिका वडा नं. ९ को नाममा नामसारीका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ५ मा विगतमा वडा कार्यालय निर्माणका लागि जिल्ला समन्वय समितिको सहयोगमा कार्य सुरु गरिएकोमा पछि बजेट अभावले गर्दा पूर्णता दिन नसकिएको अवस्थामा नेपाल सरकारबाट आधारभुत स्वास्थ्य सेवाकेन्द्रको भवन निर्माण गर्न वजेट प्राप्त भएकोमा कार्यपालिकाको सर्वसम्मत निष्कर्षबाट सो बजेटले वडा कार्यालय र आधारभुत स्वास्थ्य सेवाकेन्द्र दुवै रहने गरि निर्माणाधिन रहेको वडा कार्यालयलाई नै पुर्ण गर्ने भएकोमा हाल बनेको भवन र आधारभुत स्वास्थ्य सेवाकेन्द्र स्थापना सम्बन्धी मापदण्डको नक्सा फरक पर्न गएकोमा हाल बनेकै संरचना अनुसारको नक्सा संसोधन गर्ने र भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कनकाई नगरपालिका मातहत खर्च हुने गरी प्राप्त तपशिल अनुसार योजनाहरुको ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।
क. कनकाई विर्ता अर्जुन नविकरणीय उर्जाको पाईपलाईन निर्माण
ख. १५ शैया आधारभुत अस्पताल निर्माण

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७७ तपशिल बमोजिमको परिमार्जन गर्ने निर्णय गरियो ।
१(घ) प्रत्येक ४ महिना भनिएकोमा प्रत्येक १ महिनामा तोकिएको कार्य विवरणका आधारमा कर्मचारीले
प्राप्त गर्ने अधिकतम ६० अंकलाई बुझाउँछ ।
६(ग) कार्य सम्पादन बापतको मुल्याङ्कन चौमासिक भनिएकोमा मासिक रुपमा गरिनेछ ।
अनुसूची १ (घ) कार्यविवरणमा उल्लेख गरेको काम सम्पादन भएको विवरण सम्बन्धित कर्मचारीले चौमासिक रुपमा तयार पारी सम्बन्धित शाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ भनिएकोमा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

८. कनकाई नगरपालिकाको नगर कार्यपालिकाको भवन थपको रकम भुक्तानी सशर्तबाट लेख्ने र यस आ.व.मा सो शिर्षकमा भएका सवै भुक्तानी सशर्त अनुदान शिर्षकमा समायोजन गर्ने निर्णय गरियो । साथै दुर्गापुर-चम्पापुर-चप्रामारी सडकको (जनपथ सडक) डि.पि.आर. गरे वापत श्री झापा नवयुग स्ट्रकचर्स एण्ड डिजाईनर्स प्रा.लि. लाई रु. २,२०,०००/- भुक्तानी दिने निर्णय गरियो । साथै कनकाई वडा नं ४ को आधारभूत स्वास्थ्य केन्द्रको रनिङ बिल बापतको रकम भुक्तानी दिने निर्णय गरियो साथै वडा नं ३ मा शिवशान्ति मार्गमा पेवर्श लगाउने कार्यको अन्तिम बिल भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को बजेट किताव पेज नं. २७ खानेपानी तथा ढल शिर्षकमा रहेको रु. ५०,००,०००/- मध्ये लालपानी खानेपानी आयोजनामा फिल्टर प्लान्ट, चप्रामारी खानेपानी आयोजनामा फिल्टर प्लान्ट, तथा तुलसीबारी खानेपानी आयोजनामा फिल्टर प्लान्ट निर्माणका लागि प्रति आयोजना रु. १६,५०,०००/- विनियोजन गर्ने निर्णय गरियो । साथै सडक निर्माण तथा स्तर उन्नती शिर्षकबाट भुक्तानी हुने गरि कनकाई नगरपालिका वडा नं. ४ स्थित रहेको त्रिवेणी टोल देखी शिवसताक्षी नगरपालिकाको वडा नं. १० जोड्ने बाटो कालोपत्रे गर्न त्रिवेणी बाटो निर्माण उपभोक्ता समितिलाई रु. ५,५०,०००/- रकम बिनियोजन गर्ने निर्णय गरियो । साथै वडाहरुबाट सिफारिस भई आए बमोजिम नगरसभाबाट अनुमोदन हुने गरी तपशिल योजनाहरुको नाम परिवर्तन एवं रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल

Scanned with CamScanner